# आ.व.२०७७/०७८ को
# सातौं नगर कार्यपालिका बैठकका निर्णयहरु

मध्यनेपाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भोर्लेटार, लमजुङ
विक्रम संवत् २०७८ साल असार ०९ गते

**प्रस्तावहरु:**

१ आर्थिक बर्ष २०७८।७९ को नीति तथा कार्यक्रम र बजेट सम्बन्धमा ।

२ "आर्थिक विधेयक,२०७८" र "विनियोजन विधेयक, २०७८" सम्बन्धमा ।

३ सुरक्षित नागरिक आवास कार्यान्वयन सम्बन्धमा ।

४ बजेट निर्माण प्रोत्साहन सम्बन्धमा ।

५ खर्च समर्थन सम्बन्धमा ।

६ सम्झौता सम्बन्धमा ।

७ बजेट विनियोजन सम्बन्धमा ।

८ लागत साझेदारी सम्बन्धमा ।

९ निर्णय संशोधन सम्बन्धमा ।

निर्णयहरु:

**निर्णय नम्बर १**

प्रस्ताव नम्बर १ माथि छलफल गर्दा बैठकमा पेश भएको आगामी आर्थिक बर्ष २०७८।७९ को नीति तथा कार्यक्रमको मस्यौदालाई र देहाय अनुसारको आय तथा ब्ययको सूची अनुसारको आर्थिक बर्ष २०७८।७९ कुल बजेटलाई पारित गरी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

क) आय तर्फ

| सि. नं. | आय श्रोत | रकम रु. | |
|---|---|---|---|
| | | अंकमा | अक्षरमा |
| ०१ | नेपाल सरकार समानिकरण अनुदान | १०४०००००/- | १० करोड ४० लाख |
| ०२ | प्रदेश सरकार समानिकरण अनुदान | ११७५८०००/- | १ करोड १७ लाख ५८ हजार |
| ०३ | नेपाल सरकार राजस्व बाँडफाँड | ७१९९८०००/- | ७ करोड १९ लाख ९८ हजार |
| ०४ | प्रदेश सरकार राजस्व बाँडफाड (सवारी साधन कर) | १४२५३०००/- | १ करोड ४२ लाख ५३ हजार |
| ०५ | नेपाल सरकार शसर्त अनुदान | ३०३८०००००/- | ३० करोड ३८ लाख |
| ०६ | प्रदेश सरकार समपूरक अनुदान | ५००००००/- | ५० लाख रुपैया |
| ०७ | प्रदेश सरकार विषेश अनुदान | ५००००००/- | ५० लाख रुपैया |
| ०८ | नेपाल सरकार सामाजिक सुरक्षा | १०००००००००/- | १० करोड रुपैया |
| ०९ | सडक बोर्ड नेपाल | ३००००००/- | ३० लाख रुपैया |
| १२ | आन्तरिक राजस्व | ३०००००००/- | ३ करोड रुपैया |
| १३ | बैक मौजदात | ३०००००००/- | ३ करोड रुपैया |
| | जम्मा | ६७८८०९०००/- | ६७ करोड ८८ लाख ९ हजार रुपैया |

क) ब्यय तर्फ

| सि.नं. | ब्यय शीर्षक | ब्यय रकम रु. | |
|---|---|---|---|
| | | अंकमा | अक्षरमा |
| ०१ | सामाजिक सुरक्षा भत्ता वितरण | १०००००००००/- | १० करोड रुपैया |
| ०२ | सशर्त कार्यक्रमहरु | ३०३८०००००/- | ३० करोड रुपैया |
| ०३ | प्रशासनिक खर्च | ७००००००००/- | ७ करोड रुपैया |
| ०४ | विषय क्षेत्रगत योजना तथा कार्यक्रमहरु | २०५००९०००/- | २० करोड ५० लाख १ हजार |
| | जम्मा ब्यय रकम | ६७८८०९०००/- | ६७ करोड ८८ लाख ९ हजार रुपैया |

**निर्णय नम्बर २.**

प्रस्ताव नम्बर २ माथि छलफल गर्दा मिति २०७८।०२।३१ गते बसेको राजस्व परामर्स समितिको निर्णयअनुसार कार्यपालिकामा पेश हुनआएको "आर्थिक विधेयक, २०७८" को मस्यौदालाई र नीति तथा कार्यक्रम "विनियोजन विधेयक, २०७८" न्यायिक समितिले उजुरीको कारबाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक को मस्यौदालाई पारित गरी आगामी नगर सभाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर ३**

प्रस्ताव नम्बर ३ माथि छलफल गर्दा मध्यनेपाल नगरपालिकामा सूरक्षित नागरिक आवास निर्माणका लागि छनोट भएका कुल १८९ लाभग्राहिहरुलाई सम्झौता गर्न नगरपालिका कार्यालयमा आउन हाल कोभिड १९ का कारण यातायातको असहजता भएको हुँदा सम्बन्धित वडालाई पायक पर्ने बैङ्कमा खाता खोलाई सुरक्षित नागरिक आवास कार्यान्वियन कार्यविधि, २०७६ को अनुसूची २ अनुसारको सम्झौता फाराम वडा कार्यालयमा भराई नगरपालिकामा सम्झौताका लागि एकमुष्ठ फाराम पठाउने निर्णय गरियो ।

**निर्णय नम्बर ४**

प्रस्ताव नम्बर ४ माथि छलफल गर्दा चालु आर्थिक बर्ष २०७७।७८ का दुईवटै नगर सभामा कानूनको मस्यौदा तयार गर्ने कार्य, नीति तथा कार्यक्रम तयार गर्ने कार्य, बजेट तयार गर्ने कार्य, सभाको ब्यवस्थापन गर्ने कार्य लगायत नगरपालिकाको बृहत्तर हितको कार्यमा खटिने, नगर प्रमुखको सिफारिसमा नाम उल्लेख भए अनुसारका प्रत्येक कर्मचारीलाई निजले गरेको कार्यको सम्मान गर्दै कर्मचारीको आफूले ॐईपाई एक महिनाको तलब रकम बराबरको रकम प्रोत्साहन स्वरुप प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर ५**

प्रस्ताब नम्वर ५ माथि छलफल गर्दा नगरपालिकामा हालसम्म भएको चालु खर्च तर्फको रु २५६१२६०२५.५२/- र पुँजिगत खर्च तर्फको रु ९२०९३८०७.८०/- गरी जम्मा भएको खर्च रु ३४८२१९८३३.३२/- लाई समर्थन गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर ६**

- प्रस्ताब नम्वर ६ माथि छलफल गर्दा_अघिल्लो आ.व. मा नगरगौरवको योजना अन्तर्गत बाटो पिच गर्ने कार्यका लागि आ.ई.डी. कन्स्ट्रकसन सँग सम्झौता भएको तथा कोभिडको कारण भएको लकडाउनले गर्दा निर्धारित समयमा काम सम्पन्न हुन नसकी आ.व. ०७७/०७८ मा अल्या गरिएको जसमा रु ५० लाख बजेट विनियोजन भएको तर कूल

दायित्व रु ५७,१२७३८/- र कन्टिजेन्सी ३% रु १,७१३८२/- गरी जम्मा रु ५८,८४१२०/- भएको तथा रु ५० लाख भुक्तानी भैसकेकाले बाँकी रकम रु ८,८४१२०/- यस आ.व. को बैशाख मसान्तसम्म पनि सम्झौता हुन नसकेको नगरस्तरीय योजनाको आर्थिक विकास तर्फ क्र.सं. ६ मा रहेको सानाकिसान कृषि सहकारी दुईपिप्ले तथा भोर्लेटार दुग्ध उत्पादन कार्यक्रम तर्फको रु १० लाखबाट भुक्तानी दिने निर्णय गरियो ।

- प्रस्ताब नम्वर ६ माथि छलफल गर्दा_चारसय चौतारा रानीकुवा मार्ग वडा नं. ६ को बाँकी रहेको कामको लागत स्टिमेट तयार गरी सम्झौता गर्ने र आगामी आर्थिक वर्षको बजेटबाट भुक्तानी गर्ने निर्णय गरियो ।
- प्रस्ताब नम्वर ६ माथि छलफल गर्दा मध्यनेपाल नगरपालिका वडा नं ६ निवासी राजन कुँवर दायाराम खनाल तथा विजयरञ्जन पौडेलले मिति २०७७/०३/१० मा बायोग्यास प्लान्ट निर्माण गरी उपभोक्ताले पाउने अनुदान सुविधा पाँउ भनी निवेदन दिनुभएकोमा भुलबस तहाँलाई भुक्तानी नदिएको हुदाँ सशर्त बजेट तर्फ बाकी रहेको बायोग्यास शिर्षकबाट रु ६००००/ भुक्तानी दिने निर्णय गरियो ।

**<u>निर्णय नम्बर ७</u>**

प्रस्ताब नम्वर ७ माथि छलफल गर्दा देहायका शिर्षकमा बजेट विनियोजन गर्ने निर्णय गरियो ।

- ईलाका प्रहरी कार्यालय भोर्लेटार, लमजुङको कबर्डहल निर्माण गर्नका लागि रु १ लाख नगर प्रमुख आर्थिक सहायताबाट विनियोजन गर्ने निर्णय गरियो ।
- भोर्लेटार बाङ्ग्रेबेशी सडकको सरसफाई गर्ने कार्यका लागि नगर प्रमुख आर्थिक सहायताबाट रु १ लाख विनियोजन गर्ने निर्णय गरियो ।

**<u>निर्णय नम्बर ८</u>**

प्रस्ताब नम्वर ८ माथि छलफल गर्दा सडक बोर्ड तर्फको कामको लागि यस नगरपालिकाले लागत साझेदारीमा राख्नुपर्ने रकम चालु आ.व. मा नगरसभाबाट विनियोजन नभएकाले आगामी आ.व. मा छुट्टाउने गरी कार्य अगाडि बढाउने निर्णय गरियो ।

**<u>निर्णय नम्बर ९</u>**

प्रस्ताब नम्वर ९ माथि छलफल गर्दा मिति २०७८/०२/२७ गतेको कार्यपालिका बैठकको निर्णय नं १० मा पहिरावन खुर्सानी खोला पानीटयाङ्की आईटम हुनुपर्नेमा भाटबेंशी पानीटयाङ्की आईटम हुन गएको हुदाँ सो निर्णय संशोधन गरी पहिरावन खुर्सानी खोला पानीटयाङ्की आईटम बनाउने निर्णय गरियो ।